# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

**मु.नं. १७१/२०७०/०७१**

सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट ७ वस्ने कुमार प्रसाद चौलागाई र दान बहादुर कार्की ............१ उजुरी

**विरूद्ध**

कार्यालय प्रमुख/संचिव, सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौं ........................१ विपक्षी
सूचना अधिकारी, सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौं ...............................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट ७ वस्ने कुमार प्रसाद चौलागाई र दान बहादुर कार्कीले सूचना तथा संचार मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष माग गर्दा सूचना उपलव्ध नगराएकोले सूचना उपलव्ध गराइपाउँ भनी यस आयोगमा मिति २०७०।१०।१५ मा उजूरी गरेको । उजुरीकर्ताको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।१०।२९, च.नं. ६५६/१७० को पत्रबाट पत्राचार भएकोमा सूचना तथा संचार मन्त्रालयबाट उजुरीकर्तालाई सूचना उपलब्ध गराई यस आयोगलाई बोधार्थ समेत दिएको आधारमा लगत कट्टा समेत भएको देखिन्छ । उजुरीकर्ताले उक्त सूचनामा चित्त नबुझि पुन यस आयोगमा उजुरी गरेकोमा यस आयोगबाट मिति २०७१।०३।२५ मा भएको आदेश कार्यान्वयनको लागि पुन मिति २०७१।०३।३२, च.नं. १२९९, ६०१ को पत्रबाट लेखी पठाइएको देखिन्छ । सो सम्बन्धमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म उजुरीकर्ताले सूचना पाइन भनी उजुरी गर्न आएको देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा उजुरीकर्ताले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।